आज मिति २०७८।०५।२१ गते शुक्रबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त बहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री वेद बहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी बहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री ~~जहरी~~ देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७७०५।२१

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) यस न.पा. क्षेत्र भित्रका सामाजिक सूरक्षा भत्ताका लाभग्राहीहरुको बैंक खाता परिवर्तन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.८ कार्यालयबाट श्री उमाकान्त महतो कोइरीको बुहारी महादेवी कोइरीको घर अविरल वर्षाको कारणले पूर्ण रुपमा क्षतिग्रस्त भएकोले आर्थिक सहायताको लागि सिफरिस गरि पठाइएको सम्बन्धमा ।

प्रस्ताव नं.३) मि.न.पा. वडा नं.५ विश्रामपुर पछवारीटोलमा कृष्ण जन्माष्टमी मेला महोत्सव आयोजना गर्न श्री कृष्ण जन्म अष्टमी मेला महोत्सव समितिका अध्यक्ष श्री विरेन्द्र महतोले आर्थिक सहयोगको लागि निवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्ताव नं.४) मि.न.पा. वडा नं.२ नक्टाझिजमा कृष्ण जन्माष्टमी महोत्सव सम्पन्न गर्न श्री एभरेष्ट युवा क्लव अध्यक्ष श्री श्याम कुमार महतोले आर्थिक सहयोगको लागि निवेदन पेश गरेको सम्वन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. वडा नं.३ कार्यालयबाट २०७८ असोज १ गते श्री श्री १०८ श्री बाबा विश्वकर्मा पुजा मेला महोत्सव मनाउन आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) मि.न.पा. वडा नं.४ कार्यालयबाट २०७८ भाद्र २२ गतेदेखि आयोजना हुने मेयर कप फुटवल प्रतियोगिता आयोजना गर्न श्री रत्न ज्योती युवा क्लवलाई आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस भएको सम्वन्धमा ।

प्रस्ताव नं.७) मि.न.पा. वडा नं.३ कार्यालयबाट कृष्ण जन्माष्टमी मेला लगाई पूजाआजा र सास्कृतिक कार्यक्रम आयोजना गनए श्री विश्वकर्मा मेला समितिलाई आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) मि.न.पा. वडा नं.१० कार्यालयबाट उपचार खर्च व्यवस्थापन गरिदिनु हुन भनी अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.९) मि.न.पा. वडा नं.८ निवासी श्री उजल लामाले फुटवल टुनामेन्ट गर्नको लागि आर्थिक सहयोग माग गरेको सम्वन्धमा ।

प्रस्ताव नं.१०) यस न.पा. कार्यालयमा मासिक ज्यलादारीमा कार्यरत सवारी चालकहरुले सेवा करारमा सम्झौता गरि पाउ भनी दिएको निवेदनका सम्बन्धमा ।

प्रस्ताव नं.११) ट्राफिक प्रहरी कार्यालय, ढल्केवरबाट उक्त कार्यालयमा जडान भएको सि.सि.क्यामारा मर्मतको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.१२) यस न.पा.कार्यालयको लागि आवश्यक नगर प्रहरी नियुक्त गर्न नगर प्रहरी सञ्चालन कार्यविधि पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१३) यस न.पा.कार्यालयको लागि कानूनी सल्लाहकार/परामर्शदाता नियक्ति गर्ने सम्बन्धमा ।

बैठकका निर्णयहरु

निर्णय नं. १) प्रस्ताव नं.१ मा छलफल गर्दा यस न.पा. क्षेत्र भित्रका सामाजिक सूरक्षा भत्ताका लाभग्राहीहरु मध्ये वडा नं.१ र ६ का लाभग्राहीहरुको साविकमा सञ्चालनमा रहेको महालक्ष्मी बैंक परिवर्तन गरि क्रमश सिभिल बैंक लि. ढल्केवर र एन.आइ.सि. एसिया बैंक, ढल्केवरमा खाता खोली सेवा सञ्चालन गर्ने र वडा नं.५ का लाभग्राहरुको साविकमा सञ्चालनमा रहेको सेन्च्युरी बैंक परिवर्तन गरी ग्लोबल आइ.एम.इ. बैंक, ढल्केवरमा खाता खोली सेवा सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ कार्यालयको च.नं.३५ मिति २०७८।०४।११ को पत्रबाट श्री उमाकान्त महतो कोइरीको बुहारी श्री राम प्रसाद महतोकी श्रीमती महादेवी कोइरीको घर अविरल वर्षाको कारणले पूर्ण रुपमा क्षतिग्रस्त भएकोले आर्थिक सहायताको लागि सिफरिस गरि पठाइएकोमा श्री महादेवी कोइरीलाई विपद व्यवस्थापन कोषबाट रु.५,०००।- (अक्षरेपी पांच हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ३) प्रस्ताव नं.३ मा छलफल गर्दा मि.न.पा. वडा नं.५ विश्रामपुर पछवारीटोलमा कृष्ण जन्माष्टमी मेला महोत्सव आयोजना गर्न श्री कृष्ण जन्म अष्टमी मेला महोत्सव समितिका अध्यक्ष श्री विरेन्द्र महतोले आर्थिक सहयोगको लागि यस न.पा.कार्यालयमा मिति २०७८।०५।०९ मा निवेदन पेश गरेकोमा उक्त समितिलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ४) प्रस्ताव नं.४ मा छलफल गर्दा मि.न.पा. वडा नं.२ नक्टाझिजमा कृष्ण जन्माष्टमी महोत्सव सम्पन्न गर्न आर्थिक सहयोगको लागि श्री एभरेष्ट युवा क्लवका अध्यक्ष श्री श्याम कुमार महतोले यस न.पा.मा मिति २०७८।०४।३० मा निवेदन दिनु भएकोमा उक्त क्लवलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.३३३ मिति २०७८।०५।२१ को पत्रबाट यही २०७८ असोज १ गते श्री श्री १०८ श्री बाबा विश्वकर्मा पुजा मेला महोत्सव मनाउन आर्थिक सहयोगको लागि सिफारिस भएकोमा उक्त मेला महोत्सव मनाउन श्री विश्वकर्मा मेला समितिलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ६) प्रस्ताव नं.६ मा छलफल गर्दा मि.न.पा. वडा नं.४ कार्यालयको च.नं.१६० मिति २०७८।०५।२१ को पत्रबाट २०७८ भाद्र २२ गतेदेखि आयोजना हुने मेयर कप फुटवल प्रतियोगिता आयोजना गर्न श्री रत्न ज्योती युवा क्लवलाई आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस भएकोमा उक्त क्लवलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ७) प्रस्ताव नं.७ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.७६ मिति २०७८।०५।१२ को पत्रबाट कृष्ण जन्माष्टमी मेला लगाई पूजाआजा र सास्कृतिक कार्यक्रम आयोजना गर्न श्री कृष्ण अष्टमी मेला समितिलाई आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस भएकोमा उक्त समितिलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ८) प्रस्ताव नं.८ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यालयको च.नं.२८६ मिति २०७८।०५।१८ को पत्रबाट श्री उर्मीला कुमारी कोइरालाले तहां वडा कार्यालयमा पेश गरेको निवेदन अनुसार निजको श्रीमान श्री कृष्ण बहादुर कार्कीलाई मिति २०७८।०५।०१ गते मोटर साइकलले ठक्कर दिई देब्रेपट्टीको खुट्टा भांची स्टील लगानउ परेको र निज कृष्ण बहादुर कार्की अति विपन्न भएको ले औषधि उपचारको खर्च व्यवस्थापन गरिदिनु हुन भनी अनुरोध भएको हुंदा श्री उर्मीला कुमारी कोइरालालाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ९) प्रस्ताव नं.९ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ निवासी श्री उजल लामाले वडा नं.८ जमुनिवासमा फुटवल टुनामेन्ट गर्नको लागि आर्थिक सहयोग माग गरेकोमा निजलाई अन्य सामाजिक सम्बन्धमा विपन्न नागरिक उपचार सहायता कोषबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. १०) प्रस्ताव नं.१० मा छलफल गर्दा यस न.पा. कार्यालयमा गत विगत साल देखि मासिक ज्यलादारीमा कार्यरत देहायका हलुका सवारी चालकहरुले सेवा करारमा सम्झौता गरि पाउ भनी निवेदन पेश गरेकोमा निजहरुलाई यस न.पा. कार्यालयबाट स्वीकृत भएको कर्मचारी दरबन्दी भित्र रहने गरी सेवा करार सम्झौता गरी कामकाज गराउने निर्णय पारित गरियो ।

| | |
|---|---|
| क) श्री कासिन्दर महतो | हेभी सवारी चालक |
| ख) श्री सत्य नारायण राय | हल्का सवारी चालक |
| ग) श्री बिनोद कुमार महतो | हल्का सवारी चालक |
| घ) श्री अरुण कुमार महतो | हल्का सवारी चालक |
| ङ) श्री सुजन लामा | हेभीबाट हलुका सवारी चालकमा |

निर्णय नं. ११) प्रस्ताव नं.१२ मा छलफल गर्दा ट्राफिक प्रहरी कार्यालय, ढल्केवरको च.नं.२ मिति २०७८।०४।२० को पत्रबाट उक्त कार्यालयमा जडान भएको सि.सि.क्यामारा मर्मतको लागि अनुरोध भएकोमा उक्त कार्य सम्पन्न गर्न आवश्यक पर्ने रकम यकिन गर्न यस न.पा. कार्यालयबाट प्राविधिक खटाई लगत इष्टिमेट तयार गराउने निर्णय पारित गरियो ।

निर्णय नं. १२) प्रस्ताव नं.१३ मा छलफल गर्दा यस न.पा.कार्यालयको लागि आवश्यक नगर प्रहरी नियुक्त गर्न "मिथिला नगरपालिका नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७८" पारित गरियो ।

निर्णय नं. १३) प्रस्ताव नं.१४ मा छलफल गर्दा यस न.पा.कार्यालयको लागि आ.व. २०७८।०७९ को अवधिको लागि कानूनी सल्लाहकार/परामर्श सम्बन्धी सेवा खरिद गर्न रु.२,२०,०००।- (अक्षरेपी दुई लाख बीस हजार) भित्र रहने गरी नियमानुसार सेवा खरिद गर्ने निर्णय पारित गरियो ।